नेपाल नागरिक उड्डयन प्राधिकरण

# कोष व्यवस्थापन निर्देशिका, २०७४

नेपाल नागरिक उड्डयन प्राधिकरणको निष्कृय नगद मौज्दातलाई समुचित तरलता कायम हुने गरी सुरक्षित तथा प्रतिस्पर्धात्मक व्याजदर उपलब्ध गराउने वित्तिय संस्थाको मुद्दति तथा कल खातामा निक्षेप गरी नगद प्रवाह व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासन नियमावली, २०५७ को नियम २.५ ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणको सञ्चालक समितिले यो निर्देशिका बनाई लागु गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस निर्देशिकाको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण, कोष व्यवस्थापन निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्दछ।

(ख) "सञ्चालक समिति" भन्नाले प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्दछ ।

(घ) "निक्षेपयोग्य रकम" भन्नाले प्राधिकरणलाई प्राप्त हुने शेयर पुँजी, जगेडा कोष, वैंक निक्षेपबाट प्राप्त ब्याज, नेपाल सरकार एवं दातृ निकायबाट प्राप्त ऋण तथा अनुदान लगायत नियमित र प्रचलित कानून वमोजिम आर्जित विविध आम्दानी मध्येबाट प्राधिकरणको स्वीकृत बजेट तथा कार्यक्रम अनुरुपको आर्थिक दायित्व पुरा गर्न तथा दैनिक कार्यसञ्चालन गर्न आवश्यक पर्ने रकम अभाव नहुने गरी केन्द्रीय खाता र अन्य खाताको रकम सुरक्षित तथा प्रतिस्पर्धात्मक ब्याज प्राप्त गराउने बैंकको विभिन्न अवधिका मुद्धति खाता एवं कल खातामा जम्मा गर्नको लागि कोष व्यवस्थापन समितिद्वारा समय समयमा निर्धारण गरिने रकमलाई सम्झनु पर्दछ ।

(ङ) "कोष व्यवस्थापन समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको कोष व्यवस्थापन समिति सम्झनु पर्दछ।

(च) "बैंक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गको बैंकलाई सम्झनु पर्दछ।

## परिच्छेद- २

## प्राधिकरणको नगद व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **प्राधिकरणको निक्षेपयोग्य रकम परिचालन सम्बन्धी व्यवस्था** : (१) प्राधिकरणमा रहेको निक्षेपयोग्य रकमलाई सुरक्षा, तरलता तथा प्रतिफलका आधारमा वैंकको विभिन्न अवधिका मुद्दति खाता तथा कल खातामा लगानी गरिनेछ।

(२) उपदफा (१) बमोजिम निक्षेप गर्दा निक्षेपयोग्य रकमको निक्षेप जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले निर्धारित मापदण्ड पुरा भएका देहायका बैंक खातामा मात्र निक्षेप गरिनेछ :-

(क) कम्तिमा लगातार पाँच वर्ष देखि नाफामा रहेका बैंकको विभिन्न अवधिको मुद्धति निक्षेप

(ख) कम्तिमा लगातार तीन वर्ष देखि नाफामा रहेका बैंकको कल डिपोजिट वा सोही प्रकृतिको अन्य डिपोजिट

४. **मुद्दती खाता वा कल खातामा रकम जम्मा गर्नु पर्ने** : (१) प्राधिकरणमा रहेको निक्षेपयोग्य रकम समुचित तरलता कायम हुने गरी बैंकको मुद्दती निक्षेप वा कल डिपोजिट खातामा लगानी गर्नु पर्नेछ ।

(२) कोष व्यवस्थापन समितिले सामान्यतया प्राधिकरणको बजेट तथा कार्यक्रम सञ्चालक समितिवाट स्वीकृत भएको एक महिना भित्र यस निर्देशिका बमोजिम विभिन्न अवधि एवं प्रकृतिका मुद्धति खाता र कल खातामा जम्मा गर्ने रकमको निर्धारण गर्नेछ ।

५. **लगानीको अधिकतम सीमा** : (१) निक्षेपयोग्य रकम बैंकको मुद्दति निक्षेपमा एकै पटक वा पटक पटक गरी रकम राख्दा मुद्दति खाता रहने बैंकको चुक्ता पुँजीको बीस प्रतिशत वा प्राधिकरणको कूल मुद्दति निक्षेपको पन्ध्र प्रतिशत भन्दा बढी कायम नहुने गरी लगानी गर्न सकिनेछ ।

(२) कुनै बैंकको कल खातामा प्राधिकरण अन्तर्गतको एक निकाय वा कार्यालयको रु. एक अर्वमा नवढ्ने गरी अधिकतम दुई अर्व सम्म मात्र डिपोजिट गर्न सकिनेछ ।

(३) प्राधिकरण अन्तर्गतका कार्यालयहरुले कार्यसञ्चालन खाता, आम्दानी खाता वा धरौटी खाताको रकम उपदफा (२) बमोजिमको सीमा भित्र कल खातामा डिपोजिट गर्ने सम्वन्धमा अर्थ विभाग, सेन्ट्रल एकाउण्टिङ्ग महाशाखामा आवश्यक समन्वय गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## बैंकको मापदण्ड तथा शर्त सम्बन्धी व्यवस्था

६. **मापदण्ड तथा शर्त पूरा भएको हुनु पर्ने** : (१) प्राधिकरणको निक्षेपयोग्य रकम लगानी गरिने बैंकले देहाय बमोजिमको मापदण्ड तथा शर्त पूरा गरेको हुनु पर्नेछ :

(क) बैंक संचालनमा आएको कम्तीमा पाँच वर्ष पुरा गरेको ।

(ख) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम गरेको ।

(ग) निष्कृय कर्जा (NPL) कूल कर्जा सापटको ३ प्रतिशत भन्दा कम भएको ।

(घ) खूद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

(ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

(च) मुद्दति निक्षेपको हकमा लगातार ५ वर्षदेखि र कल खाताको हकमा लगातार तीन वर्ष देखि मुनाफामा रहेको ।

(छ) रियल स्टेटमा प्रवाहित कर्जा नेपाल राष्ट्र बैंकबाट तोकिएको सीमा भन्दा बढी नभएको ।

(ज) निक्षेप गरिने संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी अध्यक्ष वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्थामा सो कारवाही भएको एक वर्ष पूरा भएको ।

(झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको कम्तिमा एक वर्ष पूरा भएको ।

(ञ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको कम्तिमा एक वर्ष पुरा भएको ।

(ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत भएको ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड तथा शर्त पूरा गरेको व्यहोराको घोषणा शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## प्राधिकरणको कोष ब्यवस्थापन कार्यविधि सम्बन्धी व्यवस्था

७. **कोष व्यवस्थापन सम्बन्धी कार्यविधि**: (१) निक्षेपयोग्य रकम बैंकको मुद्दती निक्षेपमा लगानी गर्दा यसै परिच्छेद बमोजिमको कार्यविधि अवलम्बन गरिनेछ ।

(२) निक्षेपयोग्य रकम बैंकको कल डिपोजिटमा लगानी गर्दा सुरक्षा, प्रतिफल एवं जोखिम समेतलाई दृष्टिगत गरी यस कार्यविधिको प्रतिकुल नहुने गरी कोष व्यवस्थापन समितिले वेग्लै कार्यविधि वनाई कार्यान्वयन गर्न सक्नेछ ।

(३) प्राधिकरण अन्तर्गत छुट्टै प्रशासनिक तथा आर्थिक अख्तियारी पाएका कार्यालयहरुले आ-आफ्नो निकायको लागि कार्यसञ्चालन खर्च वापत निकासा भै आएको रकम, आम्दानी वा धरौटीको रकम कल खातामा निक्षेप गर्न सक्नेछन् । मुद्दती निक्षेपमा लगानी सम्वन्धी काम कारवाही अर्थ विभाग, सेन्ट्रल एकाउण्टिङ्ग महाशाखा मार्फत गरिनेछ ।

(४) प्राधिकरणले आफ्नो वार्षिक बजेटको तर्जुमा गर्दा वचत देखिएको रकम अनुमानित आम्दानी र सम्भावित दायित्वको विश्लेषणका अतिरिक्त विगत पाँच वर्षको पूँजीगत खर्च प्रगति प्रतिशतका आधारमा चालु वर्षको बजेटमा ब्यवस्था गरिएको पूँजीगत खर्चको सम्भावित खर्च विचार गरी मूलकोषमा रकम अभाव नहुने गरी निक्षेपयोग्य रकम एकिन गर्नेछ । यसको लागि देहाय बमोजिमका मुद्दति निक्षेप एकिन गर्ने सम्बन्धि कार्यविधि कार्यान्वयन गरिनेछ ।

(क) चालु आ.व.मा पूँजीगत खर्चको लागि विनियोजित बजेट मध्ये विगत ५ वर्षको औषत पूँजीगत खर्च अनुपात बमोजिम खर्च नहुने देखिएको अनुमानित रकम वा चालु आ. व. को शुरु वैंक मौज्दात मध्ये जुन कम हुन्छ सोको दुई तिहाई वरावरले हुन आउने रकमलाई १ वर्ष वा सो भन्दा वढी अवधिको मुद्दति खातामा निक्षेप गर्न सकिनेछ ।

(ख) चालु आ. व. मा खर्च नहुने तर खर्च व्यवस्थातर्फ देखाइएको रकमको शत प्रतिशत रकमसम्म १ वर्ष वा सो भन्दा वढी अवधिको मुद्दति निक्षेपमा लगानी गर्न सकिनेछ ।

(ग) खण्ड (क) र (ख) वमोजिमको रकममा कोषमा व्यवस्था नगरिएको सम्भावित दायित्व भए घटाई वाँकी रकम निक्षेप गर्ने सम्वन्धमा कोष व्यवस्थापन समितिले आवश्यक निर्णय लिन सक्नेछ ।

(घ) वायुयान सेवा सञ्चालन कोष, विमानस्थल विकास कोष र दुर्गम क्षेत्र हवाई विकास कोष  जस्ता Restricted Fund हरुको हकमा खर्च योजनामा नपरेको रकम एक वर्ष  वा सो भन्दा वढी अवधिको मुद्दति खातामा निक्षेप गर्न सकिनेछ ।

(ङ) खण्ड (क), (ख), (ग) र (घ) को प्रतिकुल नहुने गरी प्राधिकरणको अधिकतम हितलाई मध्यनजर राखी कार्यसञ्चालनमा बाधा नपर्ने गरी उपयुक्त तरलता कायम राख्दै ३ महिने, ६ महिने, ९ महिने, १ वर्षे वा सो भन्दा वढी अवधिको मुद्दति निक्षेपमा लगानी गर्न वा ३ महिना भन्दा छोटो अवधिको नविकरणीय विशेष मुद्दति खातामा रकम जम्मा गर्ने गरी कोष व्यवस्थापन समितिले निर्णय लिन वाधा पुगेको मानिने छैन ।

(५) कोष व्यवस्थापन समितिको सहमति लिई अर्थ विभागले दफा ९ बमोजिम सूचना प्रकाशन गरी दफा ६ को उपदफा (१) बमोजिमको मापदण्ड पूरा गरेका अनुसूची (४) बमोजिम अधिकतम अङ्क प्राप्त गर्ने सामान्यतया ६ बटा वैंकहरुलाई सूचिकृत गरी ती बैंकहरुबाट व्याजदर माग गरी एक वर्ष भन्दा कम अवधिको मुद्दति निक्षेपमा लगानी गर्न वा कल खातामा खोली कारोवार गर्ने गरी वैंकको छनौट गर्न सक्नेछ ।

तर १ वर्षे वा सो भन्दा वढी अवधिको मुद्दति निक्षेपमा लगानी गर्दा दफा ९ र दफा १० बमोजिम मात्र गर्नु पर्नेछ ।

८. **कल खातामा निक्षेप लगानी गर्ने सम्वन्धी व्यवस्थाः** (१) कोष व्यवस्थापन समितिले देहाय बमोजिमको सीमा भित्र रही कल खातामा निक्षेप लगानी गर्न सक्नेछ ।

(क) दफा ७ को उपदफा (४) को खण्ड (क) बमोजिमको एक तिहाई सम्मले हुन आउने केन्द्रीय कोष खाताको रकम ।

(ख) कार्य सञ्चालनतर्फ निकासा प्राप्त भएको कार्यालय वा आयोजनाको रकम ।

(ग) नियमानुसार प्रधान कार्यालयमा ट्रान्सफर गर्नु पर्ने वाहेक कार्यालय वा आयोजनाको आम्दानी खाता तथा धरौटी खाताको रकम ।

(२) कार्यसञ्चालन खर्च तथा जगेडा स्वरुप रहने अन्य खाताको रकम व्याज आर्जन गर्ने गरी वैंकको कल खाता खोली कारोवार गर्ने सम्वन्धमा अर्थ विभागले प्रक्रिया तर्जुमा गरी कार्यान्वयन व्यवस्था मिलाउनेछ । कल एकाउन्ट खोली रकम जम्मा गर्ने, रकम ट्रान्सफर गर्ने वा बैंक  खाता बन्द  सम्वन्धी काम गर्दा विभागले महानिर्देशकबाट पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी पूर्व स्वीकृति नलिईएको अवस्थामा तत् सम्वन्धी निर्णयहरु लगत्तै वस्ने कोष व्यवस्थापन समितिमा अनुमोदनको लागि पेश गर्नु पर्नेछ ।

(३) कोष व्यवस्थापन समितिबाट केन्द्रीय कोष खाताको रकम सरकारी वैंकहरुमा कल खाता खोल्ने निर्णय भएमा कल खाताको प्रावधान रहेका यस निर्देशिका बमोजिमको मापदण्ड पूरा भएका सरकारी बैंकहरुबाट लिखित प्रस्ताव माग गरी अधिकतम व्याज दर प्रस्ताव गर्ने वैंकमा खाता खोली कारोवार गर्न सकिनेछ । लगानी सुरक्षा तथा तरलता व्यवस्थापनको कारणले अविलम्व सरकारी वैंकमा रकम मौज्दात गर्नु पर्ने अवस्थामा कारणवस कोष व्यवस्थापन समितिको वैठक वस्न विलम्व हुने अवस्था आएमा अर्थ विभागले आवश्यक समन्वय गरी उपरोक्त बमोजिम

वैंकहरुमा खाता खोल्न सोको व्यहोरा त्यसपछि वस्ने कोष व्यवस्थापन समितिमा अनुमोदनको लागि पेश गर्नु पर्नेछ ।

(४) कल खातामा निक्षेप लगानी गर्ने संझौता गर्दा कम्तिमा ३ महिना ब्याज घटाउन नपाइने र  तीन महिना पछि ब्याजदर परिवर्तन गर्नुपर्ने भएमा वैंकले कम्तिमा १५ दिन अगावै प्राधिकरणको सम्वन्धित कार्यालयलाई लिखित सूचना दिनुपर्ने शर्त समावेश गर्नुपर्नेछ । यस सम्वन्धी जानकारी सम्वन्धित कार्यालयले छिटो माध्यमद्बारा ७ दिन भित्र अर्थ विभाग/सेन्ट्रल एकाउण्टिङ्ग महाशाखामा पठाउनु पर्नेछ ।

(५) बजार ब्याजदर बढ्न गएकोमा वा यस निर्देशिका बमोजिम मापदण्ड पुगेका अन्य वैंकबाट साविक सम्झौता भन्दा वढी व्याजदर प्रस्ताव प्राप्त भएमा ६/६ महिनामा प्राधिकरणले पुनः प्रस्ताव आह्वान गरी कल एकाउन्टमा रकम जम्मा गर्न सक्नेछ ।

(६) सामान्यतया एक पटक प्रस्ताव माग गरी वैंक छनौट भएको छ महिना पूरा नहुँदै जुनसुकै कारणवाट प्राधिकरणले साविक कल खातामा निक्षेप वन्द गरी अर्को वैंकमा खाता खोल्दा मौजुदा छनौट प्रक्रियामा रहेका वैंकहरु मध्ये क्रमशः मूल्याङ्कनको माथिल्लो क्रममा रहेका वैंकलाई प्राथमिकता दिईनेछ ।

(७) दफा ६ को उपदफा (५) बमोजिम वैंकहरु सूचिकृत भएकोमा यस दफाको उपदफा (५) र (६) बमोजिम वैंकको छनौट गर्दा सूचिकृत वैंकहरु मध्येबाट ५ दिनको म्याद दिई लिखित प्रस्ताव उपलव्ध गरी दफा ५ को सीमा भित्रको रकम अधिकतम व्याज प्रस्ताव गर्ने वैंकमा निक्षेप लगानी गर्न सकिनेछ ।

९ **सूचना प्रकाशन गर्नु पर्ने** : (१) निक्षेपयोग्य रकम यस निर्देशिका बमोजिम विभिन्न अवधि र प्रकृतिका बैंक खातामा जम्मा गर्ने प्रयोजनको लागि मुद्दति खाताको हकमा जम्मा गर्न सकिने रकम तथा अवधि र कल खाताको हकमा कारोवारको सामान्य जानकारी खुलाई सिलवन्दी दरभाउपत्र पेश गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिका वा प्राधिकरणको वेबसाईटमा सो सम्बन्धी सूचना प्रकाशन गर्नु पर्नेछ ।

तर राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएकोमा सो सम्बन्धी सूचना प्राधिकरणको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा मौज्दात गरिने रकम तथा खाताको प्रकृति अनुसार शिलबन्दी दरभाउ पत्र पेश गर्ने म्याद सात देखि पन्ध्र दिन सम्म दिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि तीन भन्दा कम रितपूर्वकको शिलबन्दी दरभाउपत्र प्राप्त हुन आएमा त्यस्तो दरभाउपत्रलाई कायमै राखी पुनः सूचना प्रकाशन गर्दा पाँच देखि सात दिन सम्मको म्याद दिनु पर्नेछ ।

(४) यस दफा अनुसार प्रकाशन गरिने सूचनाको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

१०. **शिलबन्दी दरभाउपत्र पेश गर्न सक्ने**: (१) प्राधिकरणको रकम वैंक निक्षेप सम्बन्धी प्रतिस्पर्धामा भाग लिन चाहने परिच्छेद ३ बमोजिमको मापदण्ड तथा शर्त पूरा गर्ने बैंकहरुले दफा ७ बमोजिमको म्याद भित्र प्राधिकरणमा आइपुग्ने गरी शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

(२) बैंकले उपदफा (१) बमोजिम पेश गर्ने शिलबन्दी दरभाउपत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

११. **दरभाउपत्रको मूल्याङ्कन**: (१) दफा ९ बमोजिम प्राधिकरण, अर्थ विभागमा प्राप्त शिलबन्दी दरभाउपत्र मूल्याङ्कन गरी बैंकको छनौट गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्राधिकरणको आर्थिक प्रशासन समूहतर्फ कम्तिमा नवौं तहको कर्मचारी | अध्यक्ष |
| (ख) कर्पोरेट निर्देशनालयको प्रतिनिधि (अधिकृत स्तर) | सदस्य |
| (ग) सेन्ट्रल एकाउण्टिङ्ग महाशाखाको प्रतिनिधि (अधिकृत स्तर) | सदस्य |
| (घ कानून अधिकृत | सदस्य |
| (ङ) खरिद इकाई प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम बैंक छनौट गर्नु अगावै परिच्छेद ४ बमोजिमको मापदण्ड पूरा भए वा नभएको एकिन गर्नु पर्दछ ।

(३) प्रधान कार्यालय वाहेकका प्राधिकरण अन्तर्गतका प्रतिष्ठान, कार्यालय वा आयोजनाले यस निर्देशिका वमोजिम शिलबन्दी दरभाउपत्र माग गरेर वा वैंकहरु सूचिकृत गरेर कल खाताको लागि वैंकको छनौट गर्दा सम्वन्धित प्रतिष्ठान, कार्यालय वा आयोजनाका प्रमुखबाट मूल्याङ्कन समिति गरिने छ ।

(४) शिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकको परिच्छेद ४ बमोजिमको मापदण्ड अनुरुप नभएको एकिन भएमा त्यस्तो बैंकको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

(५) शिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकको कुनै परिसूचक सम्वन्धमा थप स्पष्ट हुन आवश्यक ठानेमा मूल्याङ्कन समितिले वढीमा ३ दिन भित्र खुलाई पेश गर्न सम्वन्धित वैंकसंग पत्राचार गर्न सक्नेछ ।

(६) शिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकको परिसूचकहरुको तुलनात्मक अध्ययन गरी मूल्याङ्कन समितिले प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१२. **शिलबन्दी दरभाउ पत्र नखोलिने** : (१) दफा ९ बमोजिम प्रकाशित सूचना बमोजिम योग्यता नपुगेको शिलबन्दी दरभाउपत्र खोलिने छैन ।

(२) तीन भन्दा कम रितपूर्वकको शिलबन्दी दरभाउपत्र प्राप्त भएमा त्यस्तो शिलबन्दी दरभाउपत्र खोलिने छैन ।

(३) उपदफा (१) तथा (३) बमोजिमको शिलबन्दी दरभाउपत्र मूल्याङ्कन नगरी अभिलेख राखी छुट्टै खाममा शिलबन्दी गरी राखिनेछ ।

(४) उपदफा (२) बमोजिम नखोलिएको शिलबन्दी दरभाउपत्र दफा ९ को उपदफा (३) बमोजिमको पुनः सूचना बमोजिम प्राप्त शिलबन्दी दरभाउपत्रसँग प्रतिस्पर्धा गराउनु पर्नेछ ।

१३. **सम्झौता गरी रकम जम्मा गर्नु पर्ने** : (१) दफा १० बमोजिमको प्रतिवेदन प्राप्त भए पश्चात मूल्याङ्कनबाट सबै भन्दा बढी ब्याज दर प्रस्ताव गरी शिलबन्दी दरभाउ पत्र पेश गर्ने बैंकको छनौट गरी रकम जम्मा गर्ने सम्बन्धमा वैंकसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सबैभन्दा बढी ब्याजदर प्रस्ताव गरी शिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकले निर्धारित सम्पूर्ण रकम लिन नचाहेमा वा त्यस्तो बैंकमा दफा ५ बमोजिम निर्धारित सम्पूर्ण रकम जम्मा गर्न नसकिने भएमा त्यसरी निक्षेप हुन नसकी बाँकी रहन गएको रकम क्रमशः बढी ब्याजदर प्रस्ताव गर्ने बैंकमा निक्षेप गर्नु पर्नेछ ।

(३) एकभन्दा बढी बैंकले समान दरमा व्याज दर प्रस्ताव गरेमा त्यस्ता बैंकहरुको छनौटको क्रम अनुसार प्राथमिकता दिई कोष व्यवस्थापन समितिबाट निर्धारित अनुपातमा रकम वाँड फाँड गरी जम्मा गर्नु पर्ने छ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ को उपदफा (३) बमोजिम पुनः सूचना प्रकाशन गर्दा समेत तीन भन्दा कम रितपूर्वकको शिलबन्दी दरभाउपत्र प्राप्त हुन आएमा यस निर्देशिका बमोजिम त्यस्तो बैंकमा निक्षेप गर्न बाधा पर्ने छैन ।

(५) यस निर्देशिका बमोजिम गरिने निक्षेप लगानी सम्वन्धी सम्झौताको ढाँचा अनुसुची ३ बमोजिम हुनेछ ।

## परिच्छेद- ५

## कोष व्यवस्थापन समितिको गठन तथा काम, कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था

१४. **कोष व्यवस्थापन समिति** : (१) प्राधिकरणको निक्षेपयोग्य रकमलाई समुचित तरलता कायम हुने गरी सुरक्षित तथा अधिकतम प्रतिफलजन्य वैंक खातामा जम्मा गर्ने लगायत प्राधिकरणको नगद प्रवाह व्यवस्थापन प्रभावकारी वनाउन देहाय बमोजिम एक कोष व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) महानिर्देशक | संयोजक |
| (ख) प्रमुख, अर्थ विभाग | सह-संयोजक |
| (ग) प्रतिनिधि, कर्पोरेट निर्देशनालय | सदस्य |
| (घ) प्रतिनिधि, कानुन | सदस्य |
| (ङ) प्रमुख, सेन्ट्रल एकाउण्टिङ्ग महाशाखा | सदस्य सचिव |

(३) कोष व्यवस्थापन समितिको सचिवालयको काम प्राधिकरणको अर्थ विभाग, सेन्ट्रल एकाउण्टिङ्ग महाशाखाले गर्नेछ ।

(४) कोष व्यवस्थापन समितिको बैठक समितिका संयोजकको अध्यक्षतामा बस्नेछ । संयोजक अनुपस्थित रहेको अवस्थामा सहसंयोजकले समितिको अध्यक्षता गर्नेछन् ।

१५ **कोष व्यवस्थापन समितिको बैठक** : (१) कोष व्यवस्थापन समितिको बैठक सामान्यतया एक महिनामा एक पटकमा नघट्ने गरी आवश्यकता अनुसार बस्नेछ ।

(२) कोष व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(३) समितिका तीन जना सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको संयोजक अनुपस्थितिमा सहसंयोजकले वैठकको अध्यक्षता गर्न सक्नेछन् ।

(५) समितिले आवश्यक ठानेमा बढीमा दुई जना सम्म विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) कोष व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तय गरे बमोजिम हुनेछ ।

१६. **कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : (१) कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणमा रहेको निक्षेपयोग्य रकम यस निर्देशिकाको अधिनमा रही सुरक्षा, तरलता तथा प्रतिफलका आधारमा वैंकमा निक्षेप लगानी गर्ने ।

(ख) वजार व्याजदरमा उतार चडाव भई निक्षेप सम्वन्धी विद्यमान प्रावधानमा हेरफेर गर्दा सम्भावित नोक्सानी न्यून गरी प्रतिफल वढ्न सक्ने अवस्थामा अल्पकालिन निक्षेप लगानी मापदण्ड वनाई कार्यान्वयन गर्ने । तर यस्तो मापदण्ड सञ्चालक समितिबाट अनुमोदन गराउनु पर्ने ।

(ग) यस निर्देशिकालाई समयानुकूल आवश्यक परिमार्जन गर्न समिति समक्ष सुझाव पेश गर्ने ।

(घ) आवश्यकता र औचित्यताको आधारमा यस निर्देशिकको अनुसूचीहरुमा संशोधन गर्ने ।

(ङ) प्राधिकरणबाट गरिएका निक्षेप लगानीको विद्यमान अवस्थाका बारेमा समय-समयमा अध्ययन गर्ने/गराउने ।

(च) सञ्चालक समितिले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

(२) कोष व्यवस्थापन समितिले प्राधिकरणको निक्षेपयोग्य रकम लगानी गर्दा प्राधिकरणको भुक्तानी दायित्वको लागि आवश्यक पर्ने रकम अभाव नहुने गरी कार्यतालिका बनाई कार्यान्वयन गर्न र सामान्यतया त्रैमासिक रुपमा मूल्याङ्कन गरी आवश्यकतानुसार पुनरावलोकन गर्न सक्नेछ ।

## परिच्छेद- ६

## विविध

१७. **जानकारी गराउनु पर्ने** : (१) प्राधिकरणको अर्थ विभागले कल खाता खोली बैकिंग कारोवारको निर्णय गरेकोमा सो को व्यहोरा कोष व्यवस्थापन समितिको आगामी बैठकमा जानकारी गराउनु पर्नेछ । अन्तर्गत कार्यालयहरुले कल खाता खोली बैकिंग कारोवारको सम्झौता गरेकामा ७ दिन भित्र अर्थ विभागमा जानकारी गराउनु पर्नेछ ।

(२) कोष व्यवस्थापन समितिले निक्षेपयोग्य रकम मुद्दति निक्षेपमा जम्मा गरेको सम्बन्धी जानकारी प्रत्येक **३/३** महिनामा सञ्चालक समितिलाई जानकारी गराउनु पर्नेछ ।

१८. **व्यवस्थापन समितिको अधिकार** : (१) यो निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि वैंकमा निक्षेपयोग्य रकम लगानी गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोष व्यवस्थापन समितिमा निहित रहनेछ ।

(२) कोष व्यवस्थापन समितिले वैंकसंग गरेको निक्षेप लगानी सम्झौता आफ्नो वा वैंकका कारणले निरन्तरता दिन आवश्यक नरहेको अवस्थामा सो को कारण दिई वा नदिई जुनसुकै वखत वैंकसंग गरेको निक्षेप लगानी सम्झौता अन्त्य गर्न सक्नेछ । यसरी सम्झौताको अन्त्य भएमा दफा ८ बमोजिम अर्को सूचना प्रकाशन गर्न सकिनेछ ।

**१९.** **बाधा अड्काउ फुकाउने** : यो निर्देशिका कार्यान्वयन गर्न बाधा अड्काउ परेमा कोष व्यवस्थापन समितिको सिफारिशमा सञ्चालक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १

## निर्देशिकाको दफा ७ को उप-दफा (१) सँग सम्बन्धित

## निक्षेप सम्बन्धी सूचना

यस प्राधिकरणमा रहेको रकम विभिन्न अवधिका लागि निक्षेप गर्नु परेकोले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त तल उल्लेखीत शर्तहरु पूरा गरेका “क” वर्गका बैंकले आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याज दर समेत यस प्राधिकरणले तोकेको शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम भरी कुल निक्षेपयोग्य रकम मध्ये ...................... निक्षेपको रुपमा लिन चाहेको रकम खोली यस प्राधिकरणमा बुझाउन आव्हान गरिएको छ ।

निक्षेप योग्य रकम रु........................................ ( अक्षरेपी ....................) रहेको छ ।

(नोटः कल डिपोजिटको हकमा गत आ.व.को कारोवार रकम वा चालु आ.व. को बजेट समेत उल्लेख गर्न सकिने)

**शर्तहरुः**

(क) बैंक संचालनमा आएको कम्तीमा ५ वर्ष पुरा गरेको ।

(ख) मुद्दति निक्षेपको हकमा लगातार पाँच वर्ष देखि र कल खाताको हकमा लगातार तीन वर्ष देखि मुनाफामा रहेको ।

(ग) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजी कोष कायम गरेको ।

(घ) निष्कृय कर्जा (NPL) कुल कर्जा सापटको ३ प्रतिशत भन्दा कम भएको ।

(ङ) खूद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

(च) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

(छ) रियल स्टेटमा प्रवाहित कर्जा नेपाल राष्ट्र बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको ।

(ज) निक्षेप गरिने संस्थाको, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी अध्यक्ष वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्थामा सो कारवाही भएको एक वर्ष पूरा भएको ।

(झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको कम्तिमा तीन महिना पूरा भएको ।

(ञ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पुरा भएको ।

(ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भएको ।

(ठ) प्राधिकरणबाट निक्षेप लगानीको लागि प्रकाशित सूचना बमोजिम वैंकहरुवाट पेश हुन आएका प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्राधिकरणमा निहित रहनेछ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय
बबरमहल, काठमाण्डौ

अनुसूची-२

निर्देशिकाको दफा ८ संग सम्बन्धित

**दरभाउपत्र फारम पेश गर्ने पत्रको ढाँचा**

श्री अर्थ विभाग
नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ ।

**बिषयः-** शिलबन्दी दरभाउपत्र फारम पेश गरेको सम्वन्धमा ।

महोदय,

त्यस प्राधिकरणमा रहेको रकम बैंकमा निक्षेप गर्ने सम्बन्धमा तहांबाट मिति.....................................मा आह्वान भए बमोजिम तपशिलमा उल्लेखित सबै शर्तहरु यस बैंकले पुरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेखित ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले सोही प्रयोजनका लागि यो शिलबन्दी दरभाउपत्र पेश गरेका छौं ।

(क) लिन चाहेको निक्षेप रकम (रु लाखमा )

| क्र.सं | प्रस्तावित ब्याजदर | अवधि | न्यूनतम | अधिकतम |
|---|---|---|---|---|
| १. | | एक वर्ष | | |
| २. | | ६ महिना | | |
| ३. | | (अन्य) | | |

(ख) आर्थिक वर्ष .....................को ...............महिनाको यस ........... लि. को वित्तीय परिसूचकहरु निम्नानुसार रहेको छ ।

| **क्र.सं** | **विवरण** | **इकाई** | **प्रतिशत/रकम** |
|---|---|---|---|
| १. | प्राथमिक पूँजी कोष अनुपात | प्रतिशत | |
| २. | पूँजीकोष अनुपात | प्रतिशत | |
| ३. | निष्कृय कर्जा अनुपात (३ प्रतिशत भन्दा कम ) | प्रतिशत | |
| ४. | खुद तरल सम्पति/स्वदेशी निक्षेप अनुपात | प्रतिशत | |
| ५. | कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी कोष अनुपात | प्रतिशत | |
| ६. | नाफा/नोक्सान हिसाब | | |
| | क. निकटतम अधिल्लो ५ वर्ष | रकम रु लाखमा | |
| | ख. चालु अवधि | रकम रु लाखमा | |
| ७. | रियल स्टेट कर्जा अनुपात (वढीमा : .......... प्रतिशत ) | प्रतिशत | |
| ८. | कुल निक्षेप | रकम रु लाखमा | |
| ९. | चुक्ता पुँजी | रकम रु लाखमा | |
| १०. | संस्थागत निक्षेप/कूल निक्षेप अनुपात | प्रतिशत | |
| ११. | प्राधिकरणको नाममा रहेको हालसम्मको निक्षेप रकम (प्राधिकरण र अन्तर्गतका सवै ना.उ. कार्यालय वा आयोजनाको नाममा रहेका विद्यमान वैंक खाताको अतिरिक्त आ.व. २०५५/५६ सम्ममा तत्कालिन हवाई कार्यालय वा हवाई आयोजनाको नाममा खोलिएका वैंक खाता रहेको भए सो समेतको छुट्टै विवरण समावेश गर्नु पर्ने) | रकम रु लाखमा | |

(ग) यस ............................................ लि. को सम्बन्धमा देहाय बमोजिमको थप विवरण समेत पेश गर्दछौं ।

१ आ. ब. .............. देखि आ. ब. ................ सम्मको नाफा नोक्सान विवरण ।

२. निक्षेप गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्था छ/छैन । (त्यस्तो कारवाही भएकोमा तीन वर्ष पूरा भए नभएको व्यहोरा खुलाउने ।)

३. संस्था नेपाल राष्ट्र बैंकको शीघ्र सुधारात्मक कारवाहीमा परेको छ/छैन । (त्यस्तो कारवाही भएकोमा कम्तीमा १ वर्ष पूरा भए नभएको व्यहोरा खुलाउने ।)

४. संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ वमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा भएको छ वा छैन । (त्यस्तो कारवाहीमा परेको भए सो फुकुवा भएको १ वर्ष अवधि पूरा भए नभएको व्यहोरा खुलाउने ।)

५. सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी सकेको र मिति ................. नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भइसकेको ।

६. साथै यस.................................लि.को मिति......................मा प्रकाशित पछिल्लो वित्तिय विवरण यसै दरभाउपत्रसंग संलग्न गरेका छौं ।

| | |
|---|---|
| **संस्थाका आधिकारिक पदाधिकारीको** | **संस्थाको नामः-** |
| दस्तखतः-.................................. | ठेगानाः- |
| नामः-...................... | छापः- |
| पदः-........................ | |
| सम्पर्क फोन नं.:- ........................ | |

नोट : निक्षेपसंग सम्बन्धित आधिकारिक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नंम्बर यस फारामको अन्त्यमा अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

अनुसूची- ३

निर्देशिकाको दफा १३ संग सम्बन्धित

**सम्झौता पत्र**

लिखितम नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान **कार्यालय** काठमाण्डौ (यसपछि **प्राधिकरण**/सम्वन्धित कार्यालय भनिएको) र ......... बैंक लिमिटेड (यसपछि बैंक भनिएको ) वीच देहाएका शर्त को अधिनमा रही प्राधिकरणको बैंक खाता सञ्चालन गर्न गराउन हामी दुवै पक्षको सहमती भएकोले प्राधिकरणको प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा बसी यो सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

(१) बैंकले प्राधिकरणको नाममा प्राधिकरणले तोकेको कर्मचारीको हस्ताक्षर चल्ने गरी .....(खाताको प्रकार) ..... खाता सञ्चालन गर्नेछ ।

(२) ......अवधि..... को लागि बैंकले उक्त खातामा रहने रकममा प्राधिकरणलाई वार्षिक ........ प्रतिशतका दरले ब्याज प्रदान गर्नेछ । उक्त ब्याज प्रत्येक ३/३ महिनामा भुक्तानी गरिनेछ ।

(३) मुद्दति खामा सम्झौता अवधिभर र कल खातामा कम्तिमा ३ महिना भित्र बैंकले ब्याजदर घटाउन पाउने छैन । तर सो समयमा बैंक तथा वित्तिय संस्थामा तरलता अभाव भई Call Account को ब्याजदर बढ्न गएमा बैंकले राष्ट्र बैंकको नीति/निर्देशन भित्र रही ब्याजदर बढाउनु पर्नेछ । कल खातामा ब्याज घटाउनु पर्ने अवस्थामा वैंकले कम्तिमा १५ लिन अगावै लिखित जानकारी गराउनु पर्नेछ ।

(४) खाता सञ्चालन भएको मितिले ३ महिनापछि प्राधिकरणको कोष व्यवस्थापन निर्देशिका वमोजिम मापदण्ड पूरा भएका अन्य बाणिज्य बैंकहरुले Call Account मा प्रदान गरेको ब्याजदरमा कमी नहुने गरी साविक खाता रहेको वैंकले लिखित प्रस्ताब गरेमा बैंकमा रहेको उक्त खातालाई निरन्तरता दिइनेछ ।

(५) बैंक वा सो को शाखा कार्यालयहरुमा प्राधिकरण अन्तरगतका ना. उ. कार्यालयहरु र आयोजनाको नाममा कल खाता रहेमा उक्त खाताहरुमा प्रदान गरिने ब्याजदर प्राधिकरणको अर्थ विभागबाट भएको संझौता बमोजिमको ब्याजदर भन्दा कमी भएमा एक महिना भित्र थप गरी समायोजन गर्नु पर्नेछ ।

(६) प्राधिकरणको नाममा रहेका कुनै पनि खातामा बैंकले Cheque Deposit/Cheque Clearence चार्ज लिने छैन ।

(७) प्राधिकरणको कोष व्यवस्थापन निर्देशिकामा रहेका प्रावधानहरु यसै संझौताको अंङ्ग मानिने छन् ।

(८) सम्झौता कार्यान्वयनका क्रममा अप्रत्याशित कठिनायी आईपरेमा आपसी सहमतिमा समाधान गरिनेछ ।

(९) अन्य विषयहरु प्रचलित कानुन बमोजम हुनेछ ।

यो सम्झौता मिति ......................... देखि लागु हुनेछ ।

| | |
|---|---|
| **प्राधिकरणको तर्फबाट** | **बैंकको तर्फबाट** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| दर्जाः | दर्जाः |
| (कार्यालयको छाप) | (कार्यालयको छाप) |
| | |
| **साक्षी** | **साक्षी** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |

इति सम्बत् ........ साल ........ महिना ...... गते रोज् ..... शुभम् ................................................ ।

अनुसूची-४

निर्देशिकाको दफा ६ संग सम्बन्धित

## निक्षेपयोग्य संस्था सूचिकृत गर्ने सुचाकाङ्क

**क) सि.डि. अनुपात (ऋण तथा अग्रिम पेश्की/ बाह्य निक्षेप तथा प्राथमिक पूँजी)**

| अंकभार | अंकको आधार |
|---|---|
| १० | ९० प्रतिशत भन्दा कम |
| ५ | ९० प्रतिशत देखि ९५ प्रतिशत सम्म |
| ० | ९५ प्रतिशत भन्दा बढी |

*(नोटः ने.रा.बैंक र अन्य नियमले समय समयमा तोके भन्दा बढी अनुपात हुन नहुने)*

**ख) पूँजि पर्याप्तता अनुपात**

| अंकभार | अंकको आधार |
|---|---|
| १० | ने.रा.वैंकको निर्देशिका अनुसार भएमा |
| ० | ने.रा.वैंकको निर्देशिका अनुसार नभएमा |

**ग) एन.पि.एल./कुल ऋण अनुपात**

| अंकभार | अंकको आधार |
|---|---|
| १० | १ प्रतिशत भन्दा कम (कुल वाँकी ऋणको) |
| ५ | १ प्रतिशत देखि ३ प्रतिशत सम्म । कुल वाँकी ऋणको) |
| ० | ३ प्रतिशत भन्दा बढी (कुल वाँकी ऋणको) |

**घ) संस्थागत निक्षेप / कुल निक्षेप अनुपात**

| अंकभार | अंकको अधार |
|---|---|
| १० | ५० प्रतिशत भन्दा कम |
| ५ | ५० देखि ६० प्रतिशत सम्म |
| ० | ६० प्रतिशत भन्दा बढी |

**ङ) रियल स्टेट**

| अंकभार | अंकको आधार |
|---|---|
| ५ | ने.रा.वैंकको नियमानुसार |
| ० | ने.रा. वैंकको नियमानुसार नभएको |

**च) संचालन भएको वर्ष**

| अंकभार | अंकको आधार |
|---|---|
| ५ | दश वर्ष भन्दा बढी |
| ३ | १० वर्ष वा सो भन्दा कम |
| ० | १ वर्ष भन्दा कम |

**छ) नेटवर्थ प्रति शेयर**

| अंकभार | अंकको आधार |
|---|---|
| १० | दुई सय भन्दा बढी |
| ५ | १ सय देखि दुई सय सम्म |
| ० | १ सय भन्दा कम |